Volume 04, Issue 01, 2025. pp. 133–137
Review Article
DOI: https://doi.org/10.62078/grks.2025.v04i01.012

GS WOW
Wisdom of Worthy Research Journal

# मोहन कोइरालाको 'सिमसारका राजदूत' लामो कवितामा पर्यावरणीय चेतना

**हेमा जोशी**
विद्यावारिधि अनुसन्धानरत, सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस, कञ्चनपुर

## Article Info

*Article History*
Received: 06 April 2025
Accepted: 14 May 2025

*Email*
joshihema262@gmail .com

*Cite*
Joshi, H . (2025) . मोहन कोइरालाको 'सिमसारका राजदूत' लामो कवितामा पर्यावरणीय चेतना. *GS WOW: Wisdom of Worthy Research Journal*, *4*(1), 133–137. https://doi.org/10.5281/zenodo.16360818

## Abstract

प्रस्तुत लेखमा 'सिमसारका राजदूत' लामो कवितामा पर्यावरणीय चेतनाको आधारमा अध्ययन विश्लेषण गरिएको छ । यसका लागि पुस्तकालयीय विधिबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरुको सङ्लन, अध्ययन र विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । सिमसारका राजदूत कोइराद्वारा लिखित पर्यावरणीय चिन्तनमा आधारित लामो कविता हो। यस लामो कवितालाई सिमसारका राजदूत लामो कवितामा पर्यावरणीय चेतना कसरी प्रयोग गरिएको छ, प्राकृतिक पर्यावरण र मानवीय पर्यावरणमा के कस्तो भिन्नता रहेको छ भन्ने कोणबाट सूक्ष्म विश्लेषण गरिएको छ । सिमसारको राजदूत लामो कविताले ले सिमसार क्षेत्रको प्राकृतिक सौन्दर्यलाई चित्रण गर्नुका साथै मानवीय गतिविधिका कारण हुने विनाशको यथार्थपरक चित्र पनि देखाएको छ। सिमसारका राजदूत लामो कविताले सिमसार क्षेत्रको प्राकृतिक सौन्दर्य, जैविक विविधता र यसको संरक्षणको महत्त्वलाई उजागर गर्छ। कविले पर्यावरण संरक्षणको महत्त्वलाई सिर्जनात्मक रूपमा प्रस्तुत गरेका छन्। सिमसारको रक्षा गर्न र जैविक विविधताको संरक्षण गर्न सबैलाई चेतना दिन यो कविता कसरी प्रेरणादायी बनेको छ, भन्ने कुरालाई यस लामो कवितामा देखाएको छ। प्रस्तुत लामो कविताको मूल प्रवृत्तिका रुपमा रहेको पर्यावरणीय चेतनाको महत्त्वपूर्ण दृष्टिकोणबाट कविताको अध्ययन गरिएको छ । यस लेखमा मोहन कोइरालाको सिमसारको राजदूत लामो कवितालाई विभिन्न कोणबाट अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

*मुख्य शब्दावली* : पर्यावरण, चेतना, सिमसार, जैविक, प्राकृतिक

## विषयपरिचय

मोहन कोइराला (१९८३–२०६३) नेपाली साहित्यका सशक्त प्रतिभा हुन्। कवि मोहन कोइराला नेपाली साहित्य जगतमा लामा, अत्यन्त क्लिष्ट र बौद्धिक खालका कविता लेख्ने कविका रूपमा परिचित छन्। फर्सीको जरा उनको सर्वाधिक चर्चित कविता हो। उनी प्रयोगवादी कविताका प्रवर्तक हुन्। कोइरालाको पहिलो कविता शारदा (२००७) मा प्रकाशित 'बुझिसके' हो । उनका प्रकाशित रचनाहरूमा सूर्यदान (२०२१), लेक (२०२५), पलङ नम्बर २१ (२०२८), मोहन कोइरालाका कविता (२०३०), नुन शिखरहरू (२०३१), सारङ्गी बोकेको समुद्र (२०३४), हिमचुली रक्तिम छ (२०३५), कविताबारे चर्चा (२०३५) निबन्ध सङ्ग्रह), नदी किनारका माझी (२०३८), ऋतु निमन्त्रण (२०४०), नीलो मह (काव्य–२०४१), एउटा पपलरको पात (२०४७) आदि छन् । मदन पुरस्कार (२०३८), साझा पुरस्कार (२०३० र २०४०), प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु (२०५७) आदि प्राप्त गरेका उनी नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति समेत भएका थिए । उनले नेपाली कवितालाई पारम्परिक


Copyright (c) 2025: Author(s). Published by Gaurishankar Campus

शृंगारिकता र आदर्शवादी सोचबाट मुक्त गरी यथार्थपरक चेतनाका साथ संवेदनशील र मनोवैज्ञानिक भावभूमिमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेले।

मोहन कोइरालाको काव्य सिर्जनाले नेपाली साहित्यमा प्रतीकवाद, बिम्बवाद, अस्तित्ववाद र आधुनिकतावादी चेतनाको झल्को दिन्छ। उनका कविताहरूमा समसामयिक यथार्थ, सामाजिक अन्याय, मानवीय पीडा, शोषण, अस्तित्वको खोज र मानव जीवनका विविध पाटाहरूको उजागर हुन्छ । उनका प्रसिद्ध कृतिहरूमा 'जन्मभुमि', 'विनाशको यात्रा', 'शब्दहरूका पुलहरू', 'नयाँ आकाश' आदिलाई विशेष रूपमा स्मरण गरिन्छ। उनको काव्यले नेपाली कवितालाई केवल भावुकताबाट मुक्त गरेर गहन विचारधारात्मक स्वरूप प्रदान गरेको छ । उनका कवितामा आधुनिक यथार्थका रूपहरू स्पष्ट रूपमा देख्न सकिन्छ । युद्ध, हिंसा, अन्याय, असमानता, शोषण र भ्रष्टाचारका विरोधमा उनका कविताले पाठकलाई चेतना र परिवर्तनका लागि प्रेरित गर्छन्। 'विनाशको यात्रा' काव्यमा उनले समाजको पतनशील अवस्थालाई अत्यन्त संवेदनशील रूपमा प्रस्तुत गरेका छन्।

मोहन कोइराला नेपाली कवितामा आधुनिकता, अस्तित्ववाद, प्रतीकवाद र यथार्थवादका धारालाई प्रवर्द्धन गर्ने महत्त्वपूर्ण कवि हुन् । उनले नेपाली साहित्यलाई गहिरो चिन्तनशील काव्यको धारमा पुऱ्याए । उनको काव्य सिर्जनाले नेपाली कवितालाई भावुकताबाट मुक्त गराउँदै गहिरो चिन्तन र सामाजिक यथार्थको धरातलमा ल्यायो । आधुनिक चेतनाका संवाहक उनका काव्यले नेपाली साहित्यमा स्थायी छाप छोडेका छन् । उनका कविताले पाठकलाई केवल मनोरञ्जन दिने प्रयास गर्दैनन्, बरु समाजका जटिल यथार्थबारे सोच्न र गहिरो विश्लेषण गर्न प्रेरित गर्छन् । यस अर्थमा, मोहन कोइराला नेपाली साहित्यमा 'विचारक कवि' को रूपमा चिनिन्छन्।

## समस्याकथन र उद्देश्य

पर्यावरण भन्नाले हाम्रो वरपरको भौतिक, प्राकृतिक, जैविक र सामाजिक परिवेशलाई जनाउँछ। वातावरणमा उपस्थित जीवित र निर्जीव तत्त्वहरू, जस्तै– भूमि, जल, हावा, वनस्पति, जीवजन्तु, मानिस, मौसम, तापक्रम आदि सबै मिलेर पर्यावरण बनाउँछन् । यी तत्त्वहरूबीचको सम्बन्धले हाम्रो जीवनलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्छ। पर्यावरणको मुख्य विशेषता भनेको यसमा रहेको पारिस्थितिक सन्तुलन हो। पर्यावरणलाई सन्तुलित राख्न जीव–जन्तु, वनस्पति र प्राकृतिक स्रोतहरू बीचको सम्बन्धलाई सन्तुलित बनाउन आवश्यक हुन्छ । यदि कुनै एक तत्त्वमा असन्तुलन आयो भने अन्य तत्त्वहरूमा पनि असर पर्छ। पर्यावरणीय चेतनाबारे आलेखका लागि निम्नलिखित समस्याहरू पहिचान गरिएका छन्।

क) सिमसारका राजदूत लामो कवितामा पर्यावरणीय चेतना कसरी प्रयोग गरिएको छ ?

ख) प्राकृतिक पर्यावरण र मानवीय पर्यावरणमा के कस्ता भिन्नता रहेका छन् ?

उपर्युक्त शोध्य प्रश्नहरूको निराकरण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## अध्ययन विधि

उपर्युक्त अध्ययनका उद्देश्यहरू हासिल गर्नका लागि विशेषगरी द्वितीयक स्रोतको प्रयोग गरिएको छ। लेख तयार पार्ने सन्दर्भमा मूलतः पुस्तकालयको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूबाट प्राप्त तथ्यलाई तर्क, प्रमाण र उदाहरणका आधारमा वर्णनात्मक विधिद्वारा विश्लेषण गरिएको छ।

## 'सिमसारका राजदूत' लामो कवितामा पर्यावरणीय चेतना

'सिमसारका राजदूत' लामो कवितामा कवि मोहन कोइरालाले पर्यावरणीय चेतना उजागर गर्दै प्रकृतिप्रति मानवीय दायित्वको बोध गराएका छन् । कवितामा पर्यावरणीय सन्देश मात्र नभई प्राकृतिक सन्तुलन, जैविक विविधताको संरक्षण र मानवको आत्मबोधलाई कलात्मक शैलीमा प्रस्तुत गरिएको छ। यो कवितामा सिमसारलाई मात्र स्थान, परिवेश वा पृष्ठभूमिका रूपमा प्रस्तुत गरिएको छैन, बरु यो काव्यको मूल विम्ब र प्रतीक बनेको छ। सिमसारलाई कविले केवल जलमय भूभागका रूपमा होइन, सम्पूर्ण प्राकृतिक पर्यावरणको प्रतिनिधिका रूपमा चित्रण गरेका छन् । सिमसार भित्र रहेका चराचुरुङ्गी, माछा, वनस्पति, कीरा–माकुराजस्ता जीवजन्तुले पर्यावरणीय सन्तुलन कायम राख्छन्। कवितामा यी जीवजन्तुहरूलाई 'राजदूत' का रूपमा चित्रण गरिएको छ, जसले मानवलाई वातावरणको संरक्षणको महत्त्व बुझाउन खोज्छन् ।

सिमसारको प्रतीकात्मक अर्थ केवल जैविक विविधताको संरक्षणमा सीमित छैन । यो मानवीय आत्मा, जीवनचक्र र सृष्टिको निरन्तरताको प्रतीक हो । सिमसारमा भइरहने क्रमिक परिवर्तनलाई कविले मानव जीवनको परिवर्तनसँग तुलना गरेका छन् ।

### पर्यावरणीय सन्तुलनको चित्रण

कवितामा मानव र प्रकृतिबीचको सम्बन्धलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ। कविले सिमसारको प्राकृतिक सुन्दरता, शान्त परिवेश र जैविक विविधतामार्फत वातावरणको सौन्दर्यको प्रशंसा गरेका छन् । वन्यजन्तु र चराचुरुङ्गीहरूको गतिविधि, बोटबिरुवाको हरियाली र जलचरहरूको जीवनक्रमले प्राकृतिक चक्रको महत्त्वलाई दर्शाउँछ । पर्यावरणीय सन्तुलनको महत्त्वलाई कवितामा गहिरो रूपमा केलाइएको छ । कविले सङ्केत गरेका छन् कि यदि मानवले सिमसारलाई नष्ट गर्‍यो भने त्यसले केवल जैविक विविधताको विनाश हुने मात्र होइन, मानव सभ्यतामै सङ्कट आउन सक्छ। वन फँडानी, जल प्रदूषण, अव्यवस्थित विकास आदिले प्राकृतिक चक्रमा आउने अवरोधको प्रभावलाई कविताले प्रस्ट पार्छ। कविले यस्तो चेतावनीसमेत दिएका छन् कि यदि पर्यावरणीय सन्तुलन बिग्रियो भने, मानवको अस्तित्वसमेत सङ्कटमा पर्न सक्छ।

### जैविक विविधताको संरक्षण

कविताले जैविक विविधताको महत्त्वलाई बोध गराएको छ। सिमसारभित्रका चराचुरुङ्गी, जलचर प्राणी, वनस्पति आदिलाई कविले 'राजदूत' का रूपमा चित्रण गरेका छन्, जो प्रकृति र मानवबीचको संवादका संवाहक हुन्। यी प्राणीहरूका गतिविधिले पर्यावरणीय चेतना फैलाउँछन् । कविले मानवीय स्वार्थका कारण जैविक विविधता विनाश हुँदै गएको सङ्केत गरेका छन् । औद्योगिक प्रदूषण, अव्यवस्थित निर्माण, सडक विस्तार, सिमसारमा हुने फोहोरको निकासजस्ता विषयले सिमसारको अस्तित्वलाई खतरामा पारेको कुरा कवितामा व्यक्त भएको छ। कविताले मानवीय लोभ र असंवेदनशीलता उजागर गर्दै मानवलाई चेतना गराउँछ कि जैविक विविधता विनाश भएमा त्यसको असर केवल चराचुरुङ्गीमाथि मात्र होइन, सम्पूर्ण मानव सभ्यतामाथि पर्न सक्छ।

### मानवीय दायित्व र चेतना

कवितामा कवि मोहन कोइरालाले पर्यावरण संरक्षणको दायित्वलाई मानवीय कर्तव्यका रूपमा प्रस्तुत गरेका छन्। सिमसारलाई संरक्षण गर्नु, जैविक विविधतालाई जोगाउनु र प्रकृतिको सौन्दर्यलाई कायम राख्नु मानवको मुख्य जिम्मेवारी हो भन्ने सन्देश कविताले दिन्छ। मानवलाई आफूलाई 'पर्यावरणको स्वामी' मात्र होइन, 'प्रकृतिको रक्षक' को भूमिकामा उभिन आग्रह गरिएको छ। कविले मानवीय स्वार्थ, लालच र अज्ञानताका कारण पर्यावरणमा परेको नकारात्मक प्रभावलाई कवितामा गहिरो रूपमा चित्रण गरेका छन्। कविले प्रकृतिको विनाशको प्रभावलाई चेतावनीका रूपमा प्रस्तुत गर्दै प्राकृतिक सम्पदा जोगाउन सचेत गराएका छन्।

### चेतावनी र दिगो विकासको सन्देश

कविताले भविष्यप्रति चेतावनीसमेत दिन्छ । सिमसारका जीवजन्तुहरूले मानवीय लोभ र स्वार्थको कारण आफ्नो अस्तित्व सङ्कटमा परेको महसुस गर्छन्। 'राजदूत' हरूले मानवीय बेवास्ताको नतिजा बताउँछन् । कविले अप्रत्यक्ष रूपमा यसरी चेतावनी दिन्छन् कि प्रकृतिको विनाश भएमा केवल जैविक विविधतामात्र नभई सम्पूर्ण मानव सभ्यता नै सङ्कटमा पर्न सक्छ। सिमसार क्षेत्रको विनाशले जलवायु परिवर्तन, बाढी, डुवान, जलप्रदूषण आदिको जोखिम बढ्नेछ। यो चेतावनीलाई कविले 'आफ्नो अस्तित्व जोगाउने सङ्घर्ष' का रूपमा प्रस्तुत गरेका छन् । कविताले दिगो विकासको आवश्यकता र प्राकृतिक स्रोतहरूको विवेकपूर्ण प्रयोगको सन्देश दिन्छ।

नेपालमा दिगो विकास र वातावरण संरक्षणको दिशामा हरित वित्तीयकरण एक महत्वपूर्ण आधार बन्न पुगेको छ । यसले नवीकरणीय ऊर्जा, ऊर्जा संरचना, र वातावरणमैत्री परियोजनाहरूलाई आवश्यक वित्तीय सहयोग पुर्‍याएर जलवायु परिवर्तनका चुनौतीहरू समाधान गर्न मद्दत गरिरहेको छ । त्यसको प्रत्यक्ष प्रभाव आर्थिक स्थिरता र दीर्घकालीन वातावरणीय संरक्षणमा देखिन थालेको छ (Mishra & Aithal, 2022; 2023; Mishra, 2018)।

त्यसैगरी, सार्वजनिक स्वास्थ्य र सुरक्षित जल प्रणाली सुधार गर्न समय–लागत विश्लेषणका उपायहरू अपनाइनुले

पनि वातावरण संरक्षण र दीगो विकासलाई थप प्रभावकारी बनाएको देखिन्छ (Mishra & Rai, 2017)।

### प्राकृतिक पर्यावरण

प्राकृतिक पर्यावरण भन्नाले पृथ्वीमा स्वतः उत्पन्न भएका प्राकृतिक तत्त्वहरूको समूहलाई बुझाउँछ। यसमा हावा, पानी, भूमि, वनस्पति, वन्यजन्तु, चट्टान, नदी, ताल, पहाड, समुद्र, जङ्गल, मौसम र जलवायु जस्ता सबै प्राकृतिक तत्त्वहरू समावेश हुन्छन्। यी तत्त्वहरू स्वतः विकसित हुने भएकाले मानवको प्रत्यक्ष हस्तक्षेप आवश्यक हुँदैन। प्राकृतिक पर्यावरणमा रहेका तत्त्वहरूबीच अन्तरसम्बन्ध हुन्छ, जसलाई पारिस्थितिक प्रणाली (Ecosystem) भनिन्छ। जब यी तत्त्वहरूबीच सन्तुलन कायम रहन्छ, तब जीवनका सबै रूपहरू सहज रूपमा अघि बढ्छन्। प्राकृतिक पर्यावरण विभिन्न तत्त्वहरूको संयोजनले बनेको हुन्छ। यी तत्त्वहरूको विस्तृत विवरण यस प्रकार छः

- **जलीय तत्त्व (Water Elements)** पानी, नदी, ताल, समुद्र, झरना आदि जलीय तत्त्व हुन्। यी तत्त्वले मानव जीवन, कृषि, वन्यजन्तु र वनस्पतिको अस्तित्वलाई सुनिश्चित गर्छन्।
- **भौगोलिक तत्त्व (Land Elements):** माटो, पहाड, भू–भाग, चट्टान, खनिज पदार्थ आदि भौगोलिक तत्त्व हुन्। खेतीपाती, घर निर्माण, उद्योग आदिका लागि भौगोलिक तत्त्व आवश्यक हुन्छ।
- **वायुमण्डलीय तत्त्व (Atmospheric Elements):** हावा, तापक्रम, सूर्यको किरण, वर्षा, वायुको गतिको रूपमा हुने परिवर्तन जस्ता तत्त्वहरूले जलवायुमा परिवर्तन ल्याउँछन्।
- **जैविक तत्त्व (Biological Elements):** वनस्पति, पशु, चराचुरुङ्गी, किटपतंगा आदिलाई जैविक तत्त्व मानिन्छ। यी तत्त्वले पारिस्थितिक सन्तुलन कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्।

प्राकृतिक पर्यावरण मानव जीवनका लागि आधारभूत तत्त्व हो। यसले जीव–जन्तु, वनस्पति, हावा, पानी र माटोलाई सन्तुलित राखेर जीवनको चक्रलाई निरन्तरता दिन्छ। प्राकृतिक पर्यावरण पृथ्वीको सबैभन्दा महत्त्वपूर्ण प्रणाली हो, जसले मानव, वनस्पति र जीवजन्तुको अस्तित्वलाई सुनिश्चित गर्छ। तर, औद्योगिकीकरण, वन फँडानी, प्रदूषण र अत्यधिक प्राकृतिक स्रोतको दोहनले पर्यावरणीय सन्तुलन खल्बलिएको छ। यसले जलवायु परिवर्तन, प्रजातिको लोप, प्राकृतिक प्रकोप आदिको रूपमा प्रत्यक्ष असर पारेको छ। पर्यावरणको संरक्षणका लागि वृक्षारोपण, फोहोरमैला व्यवस्थापन, दिगो विकासका सिद्धान्तहरूको पालना गर्न आवश्यक छ। यसरी, प्राकृतिक पर्यावरणलाई जोगाएर मात्र मानव जीवनको दीर्घकालीन अस्तित्व सुनिश्चित गर्न सकिन्छ।

### मानवीय पर्यावरण

मानवीय पर्यावरण भन्नाले मानवद्वारा सिर्जना गरिएका भौतिक, सामाजिक, सांस्कृतिक र आर्थिक तत्त्वहरूको संयोजनलाई जनाउँछ। यो मानव सभ्यताको विकाससँगै विकसित हुने परिवेश हो, जुन मानवको आवश्यकता, सुविधा र उद्देश्य अनुसार परिवर्तनशील हुन्छ। प्राकृतिक पर्यावरणमा मानवको प्रत्यक्ष हस्तक्षेपद्वारा सिर्जना गरिएका संरचना, भौतिक सामग्री र सामाजिक प्रणालीहरू मानवीय पर्यावरणका हिस्सा हुन्। मानवीय पर्यावरणमा मानवले बनाएका संरचना जस्तै घर, विद्यालय, अस्पताल, सडक, पुल, उद्योग, औद्योगिक क्षेत्र, बजार, शहर, सूचना–प्रविधि, सञ्चार माध्यम आदिका साथै सामाजिक प्रणालीहरू, शिक्षा, धर्म, संस्कृति, परम्परा, राजनीति आदि पनि पर्दछन्। मानव जीवनको सहजता र विकासका लागि यो पर्यावरणले सहयोग गर्छ। मानवीय पर्यावरण विभिन्न तत्त्वहरूको संयोजनले बनेको हुन्छ। तत्त्वहरूको वर्गीकरण निम्नानुसार गर्न सकिन्छः

- **भौतिक तत्त्व (Physical elements):** भवन, सडक, पुल, यातायातका साधन, उर्जा उत्पादन केन्द्र, जलविद्युत् आयोजना, औद्योगिक संरचना आदि भौतिक तत्त्व हुन्। यी तत्त्वले मानव जीवनलाई सुविधाजनक बनाउँछन्।
- **सामाजिक तत्त्व (Social elements)** शिक्षा, स्वास्थ्य, परम्परा, धार्मिक विश्वास, सामाजिक सम्बन्ध, पारिवारिक संरचना आदि सामाजिक तत्त्व हुन्। यी तत्त्वले मानव समाजको सञ्चालनमा योगदान गर्छन्।

- **आर्थिक तत्त्व (Economic elements):** उद्योग, व्यापार, रोजगारीका अवसर, उत्पादनका साधन, वित्तीय प्रणाली, बैंकिङ प्रणाली आदिलाई आर्थिक तत्त्व मानिन्छ। यी तत्त्वले समाजको आर्थिक विकासमा सहयोग पुऱ्याउँछन्।
- **सांस्कृतिक तत्त्व (Cultural elements):** भाषा, धर्म, परम्परा, संस्कार, कला–संस्कृति, चाडपर्व आदि सांस्कृतिक तत्त्व हुन् । यी तत्त्वहरूले मानव समाजको सांस्कृतिक पहिचानलाई परिभाषित गर्छन्।
- **प्राविधिक तत्त्व (Technological Elements):** प्रविधिको विकासले मानवीय पर्यावरणमा ठूलो परिवर्तन ल्याएको छ । यातायात, सञ्चार, इन्टरनेट, स्मार्ट उपकरण, मोबाइल फोन, कम्प्युटर आदिले दैनिक जीवनलाई सहज बनाएका छन्।

मानवीय पर्यावरण प्राकृतिक पर्यावरणको मानवीय रूपान्तरण हो, जसले भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र प्रविधिक आवश्यकताहरूलाई सम्बोधन गर्छ। यो मानव सभ्यताको विकाससँगै परिवर्तनशील हुन्छ। मानवले आफ्ना आवश्यकता र सुविधा अनुसार भौतिक संरचना बनाएको र सामाजिक प्रणालीलाई परिमार्जन गरेको हुँदा मानवीय पर्यावरणलाई मानव नियन्त्रणमा रहेको मानिन्छ। तर, मानवीय पर्यावरणले प्राकृतिक पर्यावरणमा प्रत्यक्ष असर पुऱ्याउँछ। औद्योगिक विकास, शहरीकरण, प्रदूषण, वन फँडानी र स्रोतको अत्यधिक प्रयोगले प्राकृतिक पर्यावरणलाई हानि पुऱ्याएको छ। त्यसैले, दिगो विकासको अवधारणा अनुसार मानवीय र प्राकृतिक पर्यावरणको सन्तुलन कायम राख्न आवश्यक छ। यसले मात्र मानव जीवनको दीर्घकालीन अस्तित्व सुनिश्चित गर्न सकिन्छ।

## निष्कर्ष

कवि मोहन कोइरालाले 'सिमसारका राजदूत' खण्डकाव्यमा सिमसारलाई प्रतीकका रूपमा प्रयोग गरी पर्यावरणीय चेतनालाई उजागर गरेका छन् । उनले सिमसारलाई केवल जलमय क्षेत्रको रूपमा चित्रण गरेका छैनन्, बरु यसलाई प्राकृतिक चक्रको केन्द्रका रूपमा स्थापित गरेका छन् । कवितामा सिमसारका विविध प्राणीहरूलाई 'राजदूत' का रूपमा प्रस्तुत गरिएको छ, जसले प्रकृतिको संवेदनशीलता, पर्यावरणीय सन्तुलनको आवश्यकता र मानवीय कर्तव्यबोधबारे सन्देश दिन्छन्। सिमसार जैविक विविधताको महत्त्पूर्ण क्षेत्र मात्र नभई, पारिस्थितिक सन्तुलन कायम गर्ने संवेदनशील प्रणाली पनि हो। कविले यस क्षेत्रमा मानव अतिक्रमण, अव्यवस्थित शहरीकरण र औद्योगिकीकरणका कारण उत्पन्न विनाशकारी असरलाई मार्मिक ढंगले उजागर गरेका छन्। उनी चेतावनी दिन्छन् कि यदि प्राकृतिक स्रोतसाधनहरूको असीमित दोहन जारी रह्यो भने पारिस्थितिकी प्रणाली तहसनहस हुनेछ, जसको असर सम्पूर्ण जीवसृष्टीमा पर्न सक्छ। कविताले प्रकृतिप्रति प्रेम, पर्यावरणीय सन्तुलनको महत्त्व, जैविक विविधताको संरक्षण र दिगो विकासको अवधारणालाई कलात्मक रूपमा व्यक्त गर्छ। कविले मानवीय स्वार्थ, लोभ र अदूरदर्शी विकास नीतिहरूको आलोचना गर्दै प्राकृतिक स्रोतसाधनहरूको दिगो उपयोगमा जोड दिएका छन्। प्रकृति र मानवबीचको सहअस्तित्वलाई प्रवर्द्धन गर्दै कविले समाजलाई सन्देश दिएका छन् कि पर्यावरणीय विनाश रोक्न मानवीय नैतिकता जागृत गर्न आवश्यक छ। यसरी, 'सिमसारका राजदूत' खण्डकाव्यले प्रकृति संरक्षणको महत्त्लाई भावनात्मक र बौद्धिक दुवै तहमा प्रभावकारी रूपमा प्रस्तुत गर्दै समाजमा गहिरो चेतना जगाउने कार्य गरेको छ।

## सन्दर्भ सूची


उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ: अक्षर क्रियसन्स नेपाल।

एटम, नेत्र (२०६७), *नेपाली डायस्पोरा र अन्य समालोचना,* काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.।

एटम, नेत्र (२०७४, फागुन), पर्यावरणीय समालोचना : जीवन, प्रकृति र साहित्यको सङ्गम, *मधुपर्क,* ५०–१०, पूर्णाङ्क ५८५ पृ. ५–८।

कोइराला, मोहन (२०६५). *सिमसारका राजदूत,* काठमाडौँ : रत्न पुस्तक भण्डार।

कोइराला, कुमारप्रसाद (२०७४, भदौ), समकालीन नेपाली साहित्यका प्रमुख प्रवृत्ति र प्रारुप, *मधुपर्क,* ५०–४, पूर्णाङ्क ५७९, पृ. ५–७।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिकल पब्लिकेसन।

गौतम, लक्ष्मणप्रसाद (२०६७ माघ–चैत्र), उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारुप, *भृकुटी,* पूर्णाङ्क १० पृ. ३९१–२०१।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोडर्न बुक्स।

त्रिपाठी, गीता (२०७५ कात्तिक), नारीवादी पर्यावरणीय चेतनामा प्रकृति र नारीको शोषण, *मधुपर्क,* ५१–६ पूर्णाङ्क ५९३, पृ. ४४–४७।

Mishra, A. K. (2018). Sustainability and risk assessment of Salyankot water supply project in post-earthquake scenario. *International Journal of Operations Management and Information Technology*, *8*(1), 1–30.

Mishra, A. K., & Aithal, P. S. (2022). An imperative on green financing in the perspective of Nepal. *International Journal of Applied Engineering and Management Letters* (*IJAEML*), 6(2), 242–253. https://doi.org/10.5281/zenodo.7221741

Mishra, A. K., & Aithal, P. S. (2023). Assessing the association of factors influencing green banking practices. *International Journal of Applied Engineering and Management Letters* (*IJAEML*), *7*(3), 36–54. https://doi.org/10.5281/zenodo.8234076

Mishra, A. K., & Rai, S. (2017). Comparative performance assessment of eco-friendly buildings and conventional buildings of Kathmandu Valley. *International Journal of Current Research*, *9*(12), 62958–62973.